म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६१ शुक्रबार २२ बैशाख २०८० ने. सं. ११४३ बछलाथ्व 5 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कर्मचारी आवश्यकता

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

# अतिक्रमित संरचना हटाउँदै फुटपाथ 'क्लियर' पार्न थालेपछि नगरबासी हर्षित

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बजार क्षेत्रको अतिक्रमित संरचना हटाइरहेको र निकट भविष्यमै नगरको मुख्य सडक २५-२५ मिटर भत्किने चर्चाले हेटौंडा उपमहानगरपालिकामा गर्माएको छ ।

नगरका चोकचौतारी, चिया अड्डामा सडकको दायाँबायाँ २५-२५ विस्तारको चर्चाले प्रवेश पाइरहँदा उपमहानगरपालिका भने डोजर लिएर बजार क्षेत्रका अतिक्रमित संरचना हटाउन लागिपरेको छ । मंगलबारदेखि फुटपाथ ओगटेर पसलका सामान राख्ने व्यवसायीदेखि कानुनविपरित फुटपाथ छोपिने गरी टप निकाल्ने घरधनीलाई कानुनी उपचार गर्न उपमहानगरको नगर प्रहरी सक्रिय भइरहेको छ । बजार क्षेत्रमा व्यवसायीहरुले अस्थायी रुपमा घरसँगै जोडेर निर्माण गरेको टपहरु भत्काउन सुरु गरिएको हो ।

उपमहानगरका अहिले त्रिभुवन राजपथको चौकीटोल ओरालादेखि पूर्वपश्चिम राजमार्गको राप्तिरोड हेटौंडा अस्पताल अगाडिसम्म क्षेत्रमा व्यवसायीले राखेको अस्थायी टप निकाल्ने काम नगर प्रहरीले गरिरहेको हो । ५० मिटर सडक विस्तारको तयारीको रुपमा बुझ्न उपमहानगरपालिकाकी मेयर मीनाकुमार लामाले आग्रह गरेपछि यसले थप चर्चा बटुलिरहेको छ । बुधवार जिल्ला प्रशासन कार्यालयमा ५० मिटर सडक विस्तारलाई लिएर सर्वपक्षीय बैठकसमेत बसिसकेको छ ।

हरित र सुन्दर नगरीको रुपमा रहेको हेटौंडा बजार क्षेत्रमा रहेको राजमार्गको विस्तार नहुँदा बजारको स्वरुप थप बिग्रँदै गएकोले उपमहानगरले सडक विस्तारको पहिलो चरण अतिक्रमित संरचना हटाएर सुरु गरेको मेयर लामाले बताएकी छन् । व्यवसायीले आफ्नो व्यवसायको प्रवर्द्धनका लागि घरभन्दा बाहिर थपेको 'अस्थायी टप' उपमहानगरले हटाइरहेको हो । बजार क्षेत्रको हेटौंडा १, २, ४ र १० नम्बरमा रहेका पसल व्यवसायीले राखेको सामानको प्रचारका लागि घर सँगै जोडेर बनाएको अस्थायी टप हटाउने काम चलिरहँदा नगरबासीले भने उपमहानगर नेतृत्वलाई स्याब दिइरहेका छन् । अस्वाभाविक ढंगबाट फुटपाथ क्षेत्रलाई कब्जा गरी निर्माण गरिएको अस्थायी टप हटाउने काम जारी राख्न बजारमा आएका सर्वसाधारणको प्रतिक्रिया छ ।




साझाकुराले राप्तिरोड, मेनरोड, उद्योग वाणिज्य संघ चोक, कान्तिराजपथमा भेटिएका सर्वसाधारणसँग उपमहानगरले अतिक्रमित संरचना हटाएको र ५० मिटर सडक विस्तारको चर्चा बारे सोधेको थियो । ३४ जना सर्वसाधारणसँग धारणा माग गर्दा अधिकांशले अतिक्रमित संरचना र फुटपाथ खाली गरिरहेको विषय अत्यन्तै प्रशंसनीय कार्य भएको प्रतिक्रिया दिएका छन् । मंगलबार मकवानपुरगढीबाट बजार आएलगत्तै उद्योग वाणिज्य संघमा उपमहानगरको डोजर देख्ने बित्तिक्कै आफू खुशी भएको गढी-५ का सुरेन्द्र हुमागाईंले बताए । 'भिडियो तिर बालेनको डोजर कुदेको देखेका थियौं । अब हेटौंडामा पनि डोजर चल्ने भएछ भनेर मलाई धेरै खुशी लाग्यो । कानुनविपरित हिँड्ने जो केहीलाई छोड्न मिल्दैन्', उनले भने ।

हेटौंडा-१७, राजदेवीबाट आएकी पार्वती धमलालाई कान्तिराज पथमा फुटपाथ छोडेर सडकबाट हिँडिरहेको अवस्थामा प्रश्न गर्दा उनले रोष प्रकट गर्दै भनिन्, 'भोट दिने नेताले केही हेर्दैनन् । यसरी फुटपाथ भरी सामान राखेपछि हामी सडकबाट नहिनेर कहाँबाट हिँडौं त,' धमलालाई उपमहानगरले फुटपाथ खाली गराइरहेको बारे सोध्दा उनी हिँड्दा हिँड्दै रोकिएर हर्षित हुँदै भनिन्, 'साँच्चै हो र ? डोजर चलेको रे भनेर सुनेको त हो । मलाई विश्वास चाहीँ थिएन । यसरी फुटपाथ भरी सामान राख्न दिनु भएन नी । हामीलाई सडकबाट हिँड्दा गाडीले केही गर्‍यो भने उल्टै हामीलाई नै गाली गर्छन् । सोझासाझाले जे गरे पनि गल्ती हुन्छ यहाँ', उनले दु:खेसो पोखिन् ।

हुमागाई र धमला मात्र हैन धेरैले अतिक्रमित संरचना हटाएको र फुटपाथ 'क्लियर' गरिरहेको सूचनाबाट हर्षित भए । उनीहरुले केही दिन तर्साएको जस्तो गरेर नछोड्न उपमहानगर नेतृत्वसँग अनुरोध पनि गरेका छन् । हेटौंडामा २०७४, २०७५ सालदेखि नै फुटपाथ व्यवस्थापन गर्ने उद्देश्यले नगर प्रहरी अगाडि बढेका थिए । तर, व्यवसायीहरुको छाता संगठन उद्योग वाणिज्य संघको दबाबमा फुटपाथ व्यवस्था हुन सकेको थिएन् । नगर क्षेत्रमा पार्किङ व्यवस्थापन पनि उचित ढंगबाट हुन सक्केको छैन् । हेटौंडाका व्यवसायीहरुले स्थानीय सरकारसँग पैदलयात्रीको समस्यामा नजरअन्दाज गर्दै फुटपाथमा सामान राखेर ग्राहक तान्न पाउनुपर्ने, व्यवसाय अगाडि सवारीसाधन पार्किङ क्षेत्र तोक्न नहुनेलगायतका माग राख्दै आएका थिए ।


व्यवसायीहरुको दबाबबाट उपमहानगर पछाडि हट्ने गरेको विगतलाई भने मेयर लामाले नजिकबाट नियालेकी छन् । तत्कालीन समयमा उपमेयर हुँदा लामा व्यवसायीहरुको अनुचित माग बारे पूर्ण जानकार थिइन् । उनी अतिक्रमित संरचना हटाउने र फुटपाथ व्यवस्थापनमा पछि नहट्ने बताइरहेकी छन् । उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले अतिक्रमित संरचना र फुटपाथ व्यवस्थापनमा कडाईका साथ अघि बढ्ने बताए । व्यवसाय सञ्चालनका लागि सबैलाई उचित वातावरण सृजना गर्न उपमहानगर तयार रहेको भन्दै नगरको सौन्दर्य नै बिग्रने गरी काम गर्न कसैलाई छुट नभएको बताए । पैदलयात्री हिँड्ने फुटपाथमा सामान राख्ने, व्यवसाय नै फुटपाथबाट चलाउन नपाइने र फुटपाथ अतिक्रमण गरेर संरचना बनाएमा हटाइने उनले बताए ।

# भीमफेदीमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ भीमफेदी गाउँपालिका-६ नम्बर वडास्थित जुरिखेतमा मोटरसाइकल दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ ।

मकवानपुर प्रहरीका अनुसार बुधबार साँझ काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२०२० प ४२३७ नम्बरको दुई यात्रु सवार रहेको मोटरसाइकल आफैं अनियन्त्रित भएर सडकबाट करिब दुई सय मिटर तल पाखामा खसेको थियो । मोटरसाइकल दुर्घटनामा परी बारा पर्सौनी नगरपालिका वडा ५ बस्ने २५ वर्षीय लालबाबु सहनी मलाहा र सोही स्थान बस्ने २० वर्षीय गोरख भन्ने रबिन्द्र मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।



दुर्घटनाको खबर प्राप्त भएपछि घटनास्थल पुगेको ईलाका प्रहरी कार्यालय भीमफेदीको टोलीले घाइते लालबाबु सहनीलाई उद्दार गरी बुधबार साँझ साढे ८ बजे नै हेटौंडा अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको डिएसपी कार्कीले जानकारी दिए । अर्को घाइते रबिन्द्रको शव बिहीवार विहान सवा ७ बजे सडकबाट करिब दुई सय फिट तल मृत अवस्थामा फेला परेको प्रवक्ता कार्कीले जानकारी दिए । मृतक दुवै जनाको शव हेटौंडा अस्पतालमा राखिएको छ । प्रहरीले दुर्घटनाको अनुसन्धान गरेको छ ।

हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत् भीमफेदी-कुलेखानीको १६ किलोमिटर सडक खण्डमा धेरै दुर्घटना हुने गरेको छ । साँघुरो सडकमा मोडहरु धेरै भएकाले सानादेखि ठूला सवारीसाधन दुर्घटनामा पर्ने गरेका हुन् । हेटौंडा-काठमाडौं आवतजावत गर्न ठूलो संख्यामा टाटासुमो चल्ने भएकाले पनि मोटर साइकललगायतका साना सवारीलाई छोटो मार्गको यात्रा जोखिम छ ।

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

## यात्रु महानुभावहरुलाई खुसीको खबर !

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे



सम्पर्क: ०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## घडेरीहरु बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# २५ मिटर सडक बिस्तारको स्थायी समाधान खोज

हेटौंडा बजार क्षेत्रको सडक दायाँबायाँ २५/२५ मिटर फराकिलो बनाउने विषय लामो समयदेखि पेचिलो बन्दै आएको छ । सडक फराकिलो बनाउन पटक पटक सरकारी पक्षबाट भएको प्रयास विफल हुँदै आएको सन्दर्भमा बुधबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा डिभिजन सडक कार्यालयको समन्वयमा सरोकारवालाबीच संयुक्त बैठक बस्यो । यो बैठक अलि उपयोगी र सान्दर्भिक हो कि भन्ने लाग्छ । यसअघि पीडितले क्षतिपूर्ति र मुआब्जा बिना सडक विस्तारमा अवरोध गर्ने, राजनीतिक सहयोग खोज्ने काम हुँदै आयो । दलका नेताहरुले पनि क्षणिकरुपमा पीडितलाई आश्वासन दिएर पटकपटक भोट बैंक बनाउने काम मात्र गरे । डिभिजन सडक कार्यालयले सडकको अधिकार क्षेत्र हटाउन खोज्ने, पीडितले आन्दोलन गरेर रोक्ने, दलहरु स्पष्ट भिजनका साथ यसको निराकरणमा नलाग्ने गरेका कारण पुस्तौंदेखि यो समस्या ज्यूँकात्यूँ रहेको सर्वविदितै छ ।

नेकपा एमालेका केन्द्रीय अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गतवर्ष हेटौंडाको एक सभामा हेटौंडा बजार क्षेत्रमा २५ मिटर सडक फराकिलो गर्ने नभई बाइपास सडकलाई निर्माण गरेर हेटौंडा बजार क्षेत्रमा सडक दायाँबायाँ १६/१६ मिटर फराकिलो बनाउनुपर्ने धारणा सार्वजनिक गरेर गए । नेपाली काँग्रेस नेतृत्वको सरकार भएका बेला तत्कालीन सञ्चारमन्त्रीले मिडियामा मुख्य बजार क्षेत्रलाई बाइपास गरेर वैकल्पिक मार्ग बनाउने मन्त्रिपरिषद्को निर्णय भएको सार्वजनिकै गरेका थिए । यी दुबै भाषण र निर्णय भनेको चुनावको मुखमा भएको हो । तर, त्यसलाई मूर्तरुप दिएर एसियन हाइवे बनाउने कुरामा गम्भीर भने यी दुई दल देखिएन । अब वर्तमान प्रधानमन्त्री रहेको पार्टी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री छन् । बागमती प्रदेशका मुख्यमन्त्री पनि माओवादीबाटै निर्वाचित हुन् । अब माओवादी केन्द्रले पनि यस विषयलाई त्यसैगरी आलटाल गरेर स्पष्ट निर्णय नदिने हो भने पीडितको पीडा यतिकै रहिरहन्छ ।

अब सस्तो लोकप्रियताको लागि भन्दा पनि सबै दलहरु एक ठाउँमा बसेर पीडितको माग र राज्यले गर्न सक्नेसम्मको निर्णयमा अग्रसर भएर एउटा ठोस निर्णय निकाल्ने बेला आएको छ । बाइपासबाट हाइवे लैजाने हो भने केन्द्र सरकारबाट निर्णय गरेर ल्याउन सक्नु पर्‍यो । कि भने क्षतिपूर्ति वा मुआब्जा दिएर २५ मिटर भत्काउन लगाउन पर्‍यो । अब पीडित, स्थानीय र प्रदेश सरकार, केन्द्र सरकारसंग आवश्यक समन्वय गरेर यसको ठोस निष्कर्ष अब ढिला गर्नु हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २३ गते शनिबार ६ मे २०२३ । प्रतिपदा, ज्येष्ठ कृष्णपक्ष । बछलागा ११४३ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# के कांग्रेसको विकल्पमा रास्वपा उभिएको हो ?



भुवन न्यौपाने

आमनिर्वाचन पश्चातका सत्ता संघर्षबीच सम्पन्न उपनिर्वाचनको मतपरिणामले गरेका संकेतका सन्दर्भमा नेपाली राजनीतिमा निकै चाखलाग्दा बहस सिर्जना भइरहेका छन् । विशेषत: कांग्रेसको विकल्पमा राष्ट्रिय स्वतन्त्र पार्टी उभिएको हो ? भन्ने प्रश्नमा बहुआयामिक ढंगबाट विश्लेषण गरिएका तर्क, वितर्क सुनिन्छन् । तर, पछिल्लो उपनिर्वाचनको मतपरिणाम अनुसार कांग्रेससँगै नेकपा एमाले, माओवादी केन्द्र लगायत अन्य दलको मत पनि स्वीङ भएको देखिन्छ । यसले सबै ठूला भनिएका दलहरूलाई पनि चुनौती दिएको स्पष्ट संकेत देखिन्छ ।

विशेषत: यस पटकको उपनिर्वाचन विभिन्न कारणले निकै रोचक र पेचिलो बन्यो । चितवनमा रास्वपाका सभापति रवि लामिछाने नागरिकता विवादबाट सांसद गुमाएर पुन: चुनावी मैदानमा उत्रिए र भारी मतान्तरले विजयी भए । कांग्रेसबाट रास्वपा प्रवेश गरेका स्वर्णिम वाग्ले तनहुँबाट उम्मेदवार बनेर कांग्रेसकै गढमा विजयी भए । यो उपनिर्वाचन कांग्रेस र रास्वपा दुवैलाई प्रतिष्ठाको विषय बन्न पुग्यो । बारामा उपेन्द्र यादवलाई पनि वैकल्पिक दलको चुनौतीका बीच मधेशको वर्चस्व कायम राख्ने चुनौती थियो । अझ भनौं, चुनावी प्रतिस्पर्धा नयाँ दल र पुरानाबीचको भद्र भिडन्त जस्तो देखिन्थ्यो ।

लोकतान्त्रिक पार्टीका रूपमा उदाएको रास्वपाले नेपाली राजनीतिको सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी कांग्रेसमा भने तुलनात्मक रूपमा धेरै भय र क्षति पुर्‍याउने आकलन गर्ने जमात बढिरहेको छ । के रास्वपा राष्ट्रिय राजनीतिमा संस्थागत भयो भने लोकतान्त्रिक धारको नेतृत्व गर्न सक्छ ? अथवा कांग्रेसको विकल्पमा दरिलो भएर उभिन सक्छ ? कांग्रेसमा समयानुकूल एजेण्डा र रूपान्तरणको सम्भावना नै छैन त ? के कांग्रेसले रास्वपाको उदयलाई थेग्न सक्छ ? यस्ता मूल प्रश्नहरू आज राजनीतिक वृत्तमा उब्जिएका छन् ।

नयाँ दललाई समर्थन गरेर मतदाताले परिवर्तन नै चाहेका हुन् ? अथवा ठूला दलप्रतिको वितृष्णालाई नयाँ दलले 'क्यास गर्न' सफल भएका हुन् ? त्यसो भए पुराना र ठूला दलमा साँच्चिकै नयाँ दलले आरोप लगाए जस्तै बेथितिले भरिएको अग्लो पहाड नै छ । अथवा ती दलमा पनि विकल्पको सम्भावना बोकेका आधार छन् ? प्रतिस्पर्धा र परीक्षणको समय र शंका त नयाँ दलका युवा नेता र पुराना दलका युवा नेताबीच पनि हुन्छ होला नि ! पक्ष र विपक्षमा तर्क र वितर्कका बीच तमाम प्रश्नहरूको चित्तबुझ्दो जवाफ नेपाली जनताले खोजिरहेका छन् ।

**वितृष्णाको प्रहार, परिवर्तित परिवेशको वेग**

नेपाली मतदातामा देखिएको परिवर्तनको हुटहुटीले विकल्पको खोजी बढेको स्पष्ट संकेत गर्छ । विभिन्न दशकमा व्यवस्था परिवर्तनदेखि राजनीतिक अधिकारका लागि आन्दोलन र विद्रोह सिर्जना भए । ती सबै राजनीतिक र व्यवस्थाको स्थायित्वका लागि भएका थिए । तर, पछिल्लो समय व्यवस्थामा धक्काभन्दा पनि बेथितिप्रतिको वितृष्णा र जनकेन्द्रित विकासको माग बढी देखिन्छ । यसका जोखिम भन्दा सकारात्मक पाटा धेरै छन् ।

राजनीतिक विश्लेषक प्रा.डा. लोकराज बराल शीर्षनेताको मपाइत्वका कारण मतदाताले विकल्पको खोजी गरेको बताउँछन् । ठूला दलमा पाका पुस्ताले सक्षम युवालाई थिचेकोले विकल्प रोजेको उनी बताउँछन् । उमेरको उत्तरार्द्धमा पुग्दा पनि शीर्ष नेतृत्वमा देखिएको पदीय लोभ र महत्वाकांक्षाबाट पैदा भएको वितृष्णाको फाइदा नयाँ जोशिला दलले उठाइरहेका छन् । यद्यपि, ठूला दलका युवा नेताले प्रभावकारी हस्तक्षेप गर्न सक्छन् कि सक्दैनन् भन्ने परीक्षणले मात्र विकल्पको आकार तय गर्ला । नयाँ र पुरानाबीच प्रतिस्पर्धा र परीक्षण दुवै हुन्छ नै ।

एक वर्ष नपुग्दै राष्ट्रिय राजनीतिमा रास्वपा वैकल्पिक राजनीतिक दलको रूपमा उभिनु सामान्य विषय होइन । मतदाताले एजेन्डाभन्दा पनि युवा ऊर्जा र ठूला दलका शीर्ष नेतृत्वको वितृष्णाबाट प्रभावित भएर मत दिएको देखिन्छ । सूचनाप्रविधिको विकासले समाजमा आमसञ्चार र सामाजिक सञ्जालको प्रभाव निकै बढेको छ । नयाँ दलका नयाँ अनुहारका प्रभाव र पहुँच बढ्न सम्भव भएको छ । सामाजिक सञ्जालका सटिक भाष्यले अधिकांशमा विचार निर्माण गरिरहेको छ । लोकरिझ्याइँको चर्को हावा चलिरहेको छ । सामाजिक सञ्जालमा नयाँले उठाएका सबै मुद्दा सत्य र पुराना दलले उठाएका सबै गलत भन्ने सन्देश गइरहेको छ । मानिसहरू लहडमा दौडिरहेका छन् ।

**लोकतान्त्रिक नीति र नेतृत्वको परीक्षण**

कांग्रेस ऐतिहासिक रूपमै लोकतान्त्रिक अभ्यासमा अभ्यस्त पार्टी हो । नेपालका हरेक राजनीतिक घटनाक्रममा कांग्रेसको नेतृत्वदायी भूमिका देखिन्छ । तर समयानुकूल पार्टी रूपान्तरण नभएर परम्परावाद र यथास्थितिवादमा रुमल्लियो भन्दै विपक्षी आरोप लगाउँछन् । यो कांग्रेसको जनाधार घटना विपक्षीले लगाएको सस्तो आरोप जस्तो लाग्छ । समयक्रममा यो पार्टीले बदलिएर देखाएका प्रशस्तै उदाहरण छन् । प्रजातन्त्र प्राप्तिको अथक् लडाईं, पञ्चायत विरुद्धको आन्दोलन, बहुदलीय व्यवस्था, राजसंस्थाको अन्त्य र गणतन्त्र स्थापना, संघीयतासहितको संविधान निर्माण र अर्थतन्त्रको उदारीकरणमा कांग्रेसको भूमिका अहिले नै बिर्सन सकिँदैन ।

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनाल पछिल्लो समय कांग्रेस नेतृत्वको कार्यशैलीप्रति वितृष्णा बढेको बताउँछन् । 'युवा पंक्तिले प्रभावकारी हस्तक्षेप गर्न नसक्दा समग्र पार्टीले बेथितिको भारी बोक्नु परेको छ' खनाल भन्छन्, 'नयाँ उदीयमान दलले आफ्नो नीतिलाई कसरी स्पष्ट पार्छ र नेतृत्वको कार्यशैलीलाई कसरी अगाडि लैजान्छ भन्ने विषयले मात्र विकल्प हेर्न मिल्छ ।'

तर, यसैबीचमा कांग्रेस पनि व्यापक अभियानसहित शुद्धीकरणसहित एकताबद्ध भएको सन्देश प्रवाह गर्न सक्यो भने प्रतिस्पर्धा रोचक हुनेछ, जुन देशका लागि अहिलेको खाँचो पनि हो । तर, पार्टीको नीति र नेतृत्व विरुद्ध बेलाबेलामा प्रश्नहरू उठिरहेका छन् । पार्टीभित्र निरन्तर पुस्तान्तरण र रूपान्तरण हुँदै आए पनि कतिपय मुद्दामा समयानुकूल परिवर्तन हुन सकिरहेको छैन । सबैभन्दा धेरै लोकतान्त्रिक विधिलाई अभ्यास गर्ने पार्टी भए पनि संगठन ठूलो भएकोले पार्टीमा अपेक्षा र वितृष्णाहरू धेरै हुनु अस्वाभाविक होइन । विधि कार्यान्वयन गराउने पहललाई पश्चगामी भन्न मिल्दैन । विशेषत: कांग्रेसको नेतृत्वप्रति निकै धेरै आक्रोश देखिन्छ । त्यो आक्रोश समग्र पार्टीले भोग्नु परेको छ ।

भर्खरै, स्थापना भएको रास्वपामा युवा पंक्ति धेरै छन् । लोकप्रिय एजेन्डा उठाएकोले पार्टीको लोकप्रियता बढ्नु अस्वाभाविक होइन । तर, परिपक्व र पारदर्शी राजनीतिक अभ्यास, लोकतान्त्रिक निर्णय प्रक्रियाले मात्रै वैकल्पिक राजनीतिको औचित्य पुष्टि गर्न सक्छ । नयाँ दल भएकाले रास्वपाको नीति र नेतृत्व ठिक, पुरानो पार्टीले उठाएका सबै समयानुकूल एजेण्डा बेठिक भन्ने होलसेल बुझाइ राख्नुहुँदैन ।

नेपाली जनताले इमानदार नेतृत्व र समयानुकूल नीतिको अपेक्षा गरेका छन् । तर यो रास्वपाले मात्र सक्छ, कांग्रेसले उठाउन सक्दैन भन्ने तर्कमा सहमत हुन सकिँदैन । राजनीतिक विश्लेषक प्रा.डा. कटक मल्ल भन्छन्, 'राजनीतिक दल नसच्चिएमा रास्वपाको उदय कसैले रोकेर रोकिँदैन, आगामी दिनमा रास्वपाको नीति र नेतृत्व कसरी अगाडि बढ्छ भन्ने हेर्न अझै बाँकी छ ।'

विगतमा विकल्पका रूपमा उदाएका शक्तिहरूको तीव्र उदय, क्षयीकरण र विघटन भयो । रास्वपाको के हुन्छ, हेर्न बाँकी छ । ठूला पार्टीको सोच र प्रवृत्ति नफेरिने र नयाँ पार्टीले नयाँ केही गर्न खोजेको देखियो भने कांग्रेस मात्र होइन, एमाले र माओवादीको पनि विकल्पमा रास्वपा देखिन सक्छ ।

शान्ति सम्झौता, संविधानसभाबाट नयाँ संविधान जारी गर्न र लोकतान्त्रिक निर्वाचनहरू सम्पन्न गर्न सफल कांग्रेस सत्तामा रहँदा शासकीय कौशलतासहित जनकेन्द्रित र समयानुकूल काममा भने अपेक्षित सफल हुन सकेन भन्ने भाष्य सिर्जना गरिएको छ । पटक-पटक शासकीय बागडोर सम्हालेको कांग्रेसका पालामा धेरै उपलब्धि भएका छन्, तर ती जनतासमक्ष स्पष्ट रूपमा पुग्न सकिरहेका छैनन् ।

कांग्रेसको विगतको योगदानलाई बिर्सेर नयाँ दल रास्वपाले आरोप लगाउन मिल्दैन, तर प्रमाणित गरेर देखाउन मिल्छ । तर, यसो भन्दै गर्दा नयाँ दल रास्वपाको उदयलाई अवमूल्यन गर्न सकिँदैन । कांग्रेसको नेतृत्व र नीतिप्रति जति चासो राखिएको छ, त्यस्तै चासो रास्वपाप्रति पनि केन्द्रित हुन्छ । आन्तरिक लोकतान्त्रिक विधि, स्पष्ट नीतिसहितको गन्तव्य, संगठन विस्तार, जनताको महत्वाकांक्षा सम्बोधन लगायत काममा रास्वपाको परीक्षण सुरु भइसकेको छ ।

यता, यसअघि लोकतान्त्रिक विधिमा महाधिवेशन गर्दै आएको कांग्रेस अहिले नीति महाधिवेशन सन्निकट छ । राजनीति, कूटनीति, अर्थनीति, सामाजिक न्याय, सुशासन र समुन्नतिका सन्दर्भमा कति प्रष्ट र समानुकूल हुनसक्छ, यसैमा कांग्रेसको भविष्य निर्भर छ ।

**शासकीय कौशलता र राजनीतिक अनुभव**

सफलताका लागि सरकार, संसद् र पार्टीमा प्रभावकारी नेतृत्व आवश्यक छ । कांग्रेस सरकार सञ्चालन, संसदीय प्रक्रिया र पार्टी परिचालनमा अभ्यस्त छ भने नयाँ दल रास्वपा सरकारमा जाने कि नजाने, सरकारलाई समर्थन किन गर्ने, नगर्ने ? भन्ने अस्पष्ट देखिन्छ । पछिल्ला कार्यशैलीको कसीमा हेर्दा संसदमा रास्वपाको उपस्थिति प्रभावकारी देखिएको छ । कुनै पनि शुभेच्छुक र भ्रातृ संगठन नभएको रास्वपा संसद्का महत्वपूर्ण विधेयकहरूमा कसरी उभिन्छ भन्ने परीक्षण हुन बाँकी छ ।

के कांग्रेसले अझै पनि आशा जगाउन सक्दैन त ? यो प्रश्न कमजोर छैन । पार्टीमा नवनिर्वाचित महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको पुस्ता परिवर्तनको योगदान र प्रयासलाई नजरअन्दाज गर्न मिल्दैन । बीपीको आस्थाले भरिएको पार्टीलाई सुदृढीकरण गरी समयानुकूल रूपान्तरण गर्न अहिले कांग्रेसको महामन्त्रीद्वयलाई अझै अवसर बाँकी छ । गगन कार्यदिशामा स्पष्ट देखिन्छन् भने विश्वप्रकाश सबैलाई समेट्न सक्ने शालीन नेतृत्व हुन् । नेताद्वयमा बीपीले परिकल्पना गरेको जस्तो नेतृत्व क्षमता र कार्यशैली देखिन्छ । कांग्रेसमा आशा गरिएका नेताद्वयको दूरदृष्टि र कार्यशैलीले कांग्रेसलाई समयानुकूल रूपान्तरण गर्ने विश्वास गर्न सकिन्छ ।

त्यसो त रास्वपामा पनि कांग्रेस परित्याग गरेर गएका मनिष झा, स्वर्णिम वाग्ले लगायत शिशिर खनाल, सुमना श्रेष्ठ जस्ता विषयविज्ञ र ऊर्जावान् युवा छन् । कांग्रेसमा हुँदा ठिक, रास्वपामा गएपछि बेठिक भन्न मिल्दैन । तर, नयाँ पार्टीलाई संस्थागत गरी आमअपेक्षा अनुरूप खरो रूपमा उत्रिन निकै चुनौती छन् । उनीहरूमा विषयविज्ञता भए पनि शासकीय र राजनीतिक अनुभव कम छ । अर्कातर्फ, रास्वपाको वैचारिक र सैद्धान्तिक धरातल प्रष्ट छैन । अस्पष्ट सैद्धान्तिक धरातलमा उभिएर राजनीतिक कौशलता देखाउन कठिन हुन्छ ।

कांग्रेसमा महामन्त्रीद्वयको एकताबद्ध पहलकदमीमा गगनले कांग्रेस संसदीय दलमा यद्यपि उनीहरूमाथि पार्टी रूपान्तरणमा प्रभावकारी हस्तक्षेप गर्न नसकेको आरोप लाग्ने गरेको छ । पार्टीको बेथिति र विधान अनुरूप सञ्चालनमा महामन्त्रीद्वय खरो उत्रिएका छन् । कांग्रेसको विधानमा सभापतिलाई धेरै अधिकार छन् । पार्टीलाई नवजीवन दिन त्यसको संशोधनको खाँचो पनि देखिन्छ । गगन, विश्वप्रकाश र प्रदीप जस्ता आशलाग्दा युवा नेताको एकताबद्ध प्रयासले पक्कै पनि केही परिवर्तन भने हुन्छ ।

पछिल्लो समय गगन थापाले अगाडि सारेको 'प्रोजेक्ट गभर्नेन्स'को अवधारणाले पक्कै पनि केही नवीन विषयहरूको थालनी हुने देखिन्छ । त्यसमा मुलुकका विभिन्न सूचकको रूपान्तरणका स्पष्ट योजनाहरू समावेश छन् । उनका क्रियाकलाप र योजना आशलाग्दा छन् । विषयविज्ञ समूहसँगको अन्तरक्रिया, गहन विश्लेषण र आफ्नै सक्रियतालाई कमी मान्नुहुँदैन ।

बीपीले परिकल्पना गरेको "समुन्नत नेपाल, सम्मानित नेपाली" को अवधारणालाई गगनले परिष्कृत गर्दै अगाडि बढाउन प्रयास गरेका छन् । तर, त्यसलाई उनले कसरी कार्यान्वयनमा लैजान्छन् त्यो परीक्षणको समयमा छ । पछिल्ला निर्वाचनका घोषणापत्रमा समुन्नत नेपालको मार्गचित्रलाई उल्लेख पनि गरिएको छ । जुन प्रगतिशील, यथार्थपरक र आशावादी पनि छ ।

राजनीतिक विश्लेषक गेजा शर्मा वाग्ले रास्वपा कांग्रेसको विकल्पमा अर्को लोकतान्त्रिकपार्टीको रूपमा स्थापित हुने सम्भावना क्षीण भएको तर्क गर्छन् । उनको तर्क छ, 'लोकतान्त्रिक पृष्ठभूमिका नेताहरूको उपस्थिति उल्लेखनीय भए पनि वैचारिक र सैद्धान्तिक धरातल प्रष्ट नभएकोले रास्वपा नेताहरूले रास्वपा कांग्रेसको विकल्प हुनसक्ने भाष्य बनाउन खोजे पनि सम्भावना क्षीण छ ।' रास्वपाका नेताहरूले लोकतन्त्रप्रति प्रतिबद्धता जनाउँदै संविधानलाई पूर्णरूपमा स्वीकार गरेको घोषणा गरेका छन् । तर पनि गणतन्त्र, संघीयता, आर्थिक नीति, विदेश नीति, समावेशीकरण जस्ता विषयमा नेतृत्व पंक्तिबाट अन्तरविरोधपूर्ण धारणा सार्वजनिक भएकोले रास्वपा कांग्रेसको विकल्पमा अर्को लोकतान्त्रिक पार्टीको रूपमा स्थापित हुने सम्भावनाको धरातल कमजोर रहेको वाग्लेको बुझाइ छ ।

उपनिर्वाचनको मतादेशलाई कांग्रेसले विकल्पका रूपमा भन्दा पनि पार्टीलाई नवजीवन दिने अवसरका रूपमा लिनुपर्दछ । र, त्यस्तो प्रयासको प्रारम्भ भइसकेको छ । नयाँ पुस्ताले चाहना गरे जस्तो पार्टी शुद्धीकरण, सुदृढीकरण, पुस्तान्तरण र रूपान्तरण भएन भने रास्वपा लोकतन्त्रवादी नेता-कार्यकर्ताका लागि विकल्पका रूपमा आउन सक्ने सम्भावना भने नकार्न सकिँदैन ।

रास्वपाले आफ्नो दर्शन र प्रतिबद्धताका रूपमा विधिको शासन, सामाजिक न्यायसहितको समानता, योग्यता र कर्मशीलता, राष्ट्र निर्माणमा समर्पण, भ्रष्टाचारप्रति शून्य सहनशीलता, प्रत्यक्ष सहभागितामूलक लोकतन्त्र, व्यक्तिगत स्वतन्त्रता र मानवअधिकार जस्ता विषयलाई अगाडि सारेको छ । भने, कांग्रेसले राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्तअनुरूप संविधानको पालना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली, राजनीतिक संस्कार, अर्थनीति, कूटनीति, कानुन तथा न्याय, सामाजिक न्याय, सामाजिक सुरक्षा, सभ्य र समतामूलक समाज निर्माणमा स्पष्ट छ ।

पछिल्लो आमनिर्वाचन र उपनिर्वाचनले मात्र रास्वपालाई लोकतान्त्रिक वैकल्पिक दलका रूपमा हेर्न हतार होला । तर, आम निर्वाचनको पहिलो र छोटो प्रयासमै प्रत्यक्षतर्फ जितेको संख्या र समानुपातिक मतमा करिब सबै जिल्लाबाट मत पाएको सन्दर्भलाई सामान्य मान्न मिल्दैन । त्यस्तै, पछिल्लो तीन जिल्लामा भएको उपनिर्वाचनको मतपरिणामको निष्कर्षले मात्र कांग्रेसको विकल्पमा रास्वपा उभिएको हो भन्ने निष्कर्ष निकाल्न नसकिएला । तर, दुवै पार्टीका आगामी गतिविधि, राजनीतिक संस्कार र प्रभाव, नीतिको स्पष्टता र नेतृत्वको कार्यशैली, शासकीय कौशलता र राजनीतिक अनुभवले मात्र देखाउँछ । यो एकअर्काको विकल्पभन्दा पनि दुवै पार्टीका लागि अग्निपरीक्षा भने पक्कै हो ।

*साभार: अनलाइनखबर*

# नजोत्ने गोरुजस्तै मत नदिने कार्यकर्ता

कुलचन्द्र वाग्ले

यो भनाइ गाउँले मूल्यांकन हो । अहिले प्रविधि युगको कुनै सम्भ्रान्त किसानले सयौं एकड समथर जमिन ट्याक्टरले जोताउँथ्यो भने उसले - 'नजोत्ने ट्याक्टर'को के काम भन्न सक्थ्यो ? गाउँका कान्ले सुर्का र फोगटा जोत्न अझै हलोगोरु चलाउने किसानले गोरुकै उदाहरण दिए । पुर्ख्यौली सम्झना उद्धृत गरे । राजनीतिमा पनि त्यस्तै काम नआउने कार्यकर्तालाई इंगित गरे । प्रसंग उपनिर्वाचनको हो । तनहुँ क्षेत्र - १ को चुनावी सभाको कार्यक्रमको दिन साँझ । अग्रज, सहकर्मीबीच छलफल भयो । चुनावी माहोल र मत परिणामको अनुमान र अनुभूति व्यक्त गरिए । कार्यक्रम स्थल दमौलीको अनशन चौतारीबाट फर्किएर एउटा घरआँगनमा भएको छलफलमा नजोत्ने गोरु र मत नदिने कार्यकर्ताको तुल्यता समान जोखिएको थियो ।

कुरैकुराबीच अग्रज शमशेरबहादुर कुँवरले बडो दृढ आवाजमा त्यो उपमा दिए । भने - 'पर्दा बारी नजोत्ने गोरु र चुनावमा मत नदिने पार्टी कार्यकर्ताको के काम ? त्यो गोरु र यो कार्यकर्ता उस्तै हुन् । तिनलाई ठेगान लगाउनुपर्छ । नभए यी काम नलाग्नेहरु चुनावपछि कांग्रेस नै हूँ भन्दै हिँड्ने छन् ।' उनको भनाइ सार यस्तै थियो ।

त्यो छलफल व्यास नगरपालिका - ७ क्यामिन क्षेत्रका बासिन्दाबीच भएको हो । आफू पनि यहींको परियो । त्यो मिटिङमा बोलावट भएर पुगेको थिएँ । शमशेर दाइ क्यामिन पन्थेका । नेपाली सेनाको सेवाबाट निवृत्त । सैनिक व्यक्तित्वको स्पष्टता र अडान हुने नै भयो । धेरै कुराबीच मलाई कुँवर दाइको उपमाले निकै छोयो । एउटामात्र प्रश्न गरेँ - किन यस्तो भयो ? उनको अनुभवजन्य त्वरित उत्तर थियो - नेताले बिगारेका कारणले । मुन्टो हल्लाएर छोडेँ । मतदानको दिन नजिकै, समूहबीच धेरै कुरा गर्न खोजिन । तर, उनीहरुसँग बिदा भएर निस्केदेखि नै कुँवर दाइको भनाइले गहिरो कौतुहल मच्चायो । बेलाबेला आजसम्म पनि ।

किन यस्तो भयो ? उनीसँग थप सोधेको भए थप कारण के भन्थे कि कुन्नि ? तर, आफैँसँग सोध्दा चाहिँ केही कारण यिनै हुन् भन्ने ठम्याइ छ । हाम्रो ठम्याइ समान छ भन्ने लाग्छ । अरुको जस्तै । यसअघि पनि त हामीबीच बातचित भएकै हो । प्रसङ्ग नेपाली कांग्रेसका उमेदवार, कार्यकर्ता जो मतदाता पनि हुन् तीसँग सम्बन्धित हो । सबैले थाहा पाएजस्तै उनले पनि आफूलाई कांग्रेस भन्नेहरु केहीले प्रतिपक्षी उमेदवारको बखान र प्रचार गरेको सुनेकै कारण उक्त उपमा दिएका हुन् ।

कारण, दलपतिहरुको कृत्यको दुष्प्रभाव हो । कथनी र करनीको फरक । कार्यकर्ता र जनताको अपेक्षित आवश्यकता पूरा नभएको व्यापक गुनासो । भएका भ्रष्टाचार र अनियमितताको व्यापक प्रचार । सेवा प्रवाह शून्य । सरकारी अड्डा, अदालतको काममा ढिलासुस्ती । सेवाग्राहीलाई झुलाउने र घुस माग्ने, खाने । आदि विकृति । नागरिक जीवनमा अनगिन्ती अप्ठेरो । जो राज्य संयन्त्रले हटाउन सक्थ्यो, त्यो पनि नगर्ने संयन्त्र वा कर्मचारी तन्त्र । मानिसले कतै सकारात्मक सन्देश भेटेकै छैन । मान्दैन । नेताको इमान र विश्वसनीयता फुस्की सकेको छ । यही भानमा परेको मानिस विकल्प खोज्दैछ । ऊसँग दलका मठाधीशहरुप्रति विरोधको बाढी सुसाएको सुनिन्छ ।

अनगिन्ती गुनासा र कठिनाइ व्यक्त हुन्छन् । यी गुनासो वा ठाडो टिप्पणीको प्रतिवाद गर्ने उपाय पनि छैन । सामर्थ्य पनि रहेन । देश सर्वत्रमा पथभ्रष्ट भएको छ । दलपतिका आसेपासे, बिचौलिया र सत्ताको मह चाट्नेबाहेक अरु कार्यकर्ता र जनतासँग दलहरुप्रति क्रोधसिबाय केही बाँकी छैन । सम्मानको त्यान्द्रो पनि टुक्रे धुजाधुजा भएकोछ । नेपाली राजनीतिको यही कुहीगन्धे हिलोमा कोही भने मसान उधिन्न, जाग्रत पार्न उद्यत छन् । तिनले वातावरणमा विष छर्कने काम गरेकै छन् । सामाजिक सञ्चार (सञ्जाल)को चटपटे जानकारी र उपद्रो प्रचारले दिग्भ्रमित मानिस आफैँले ठानेको सत्यबाहेक केही नदेख्ने हुँदो छ । सामाजिक कुण्ठा जमेर बसेको छ । भौगर्भिक विस्फोट ज्वालामुखीको जस्तै पर्खाइमा ?

आफूलाई पठित, जानकार र ज्ञानी ठान्ने पुस्ताले राजनीतिको कठिन यात्रा र इतिहास सायद बुझेकै छैन, पढेकै छैन । पढेकै भए नि दलपतिहरुले 'मेरो हात सुँघसुँघ' भनेर सधैँ चल्ने पनि त होइन । यात्रा र इतिहासको मर्यादा यिनै दलपतिले राख्नुपर्ने हो । यिनीहरु त राजनीतिलाई दलदल पार्नेमा पो चिनिए । प्रजातन्त्रले दिएको स्वतन्त्र अवसरमा जनतालाई उमेदवार रोज्ने र छान्ने अर्थात् चुन्ने स्वतन्त्रता पनि त छ । स्वतन्त्रताको विरोध गर्ने कुरै भएन । परिणामको कारण चाहिँ खोज्न सकिन्छ । प्रभावको आकलन पनि गर्न मिल्छ ।

समाजसँग दलका पतिहरुको दुष्कृत्यको लामो फेहरिस्त छ । त्यसको रौँ अंश पनि सुकृत्यको अनुभूति नागरिकले गरेकै छैन । किन होला ? राम्रो केही नगरेकै कारण वा राम्रो केही हुँदै नभएको कारण हो त ? मुस्लो गुनासो उठेको ? अर्को कारण चुनावअघिको दलीय गठबन्धन हो । कारबाहीको डण्डा तेर्स्याएर कार्यकर्तालाई कहिले कुनै पार्टी र कहिले अर्को पर्टीको चिन्हमा मत दिन बाध्य पारिएको छ । यसको उद्देश्य र प्राप्ति नेतालाई सत्ता र तिनका आसेपासेलाई सुविधा रहेछ भन्ने कार्यकर्ताले देखे, भोगे । नेता आफ्नो मतलबमा यता र उता गर्छन् भने हामी हाम्रै विवेक र इच्छाले आफ्नो छनोट गर्न किन नपाउने ? कार्यकर्ताको सोझो दाबा सुनिन्छ । मतदान सत्ताको खेलमात्रै होइन, निष्ठाप्रतिको प्रतिबद्धता मुख्य हो । स्खलित नेताले कार्यकर्ताको निष्ठाको सतीत्व पनि स्खलित पारेपछि हुने त यस्तै हो । जो राष्ट्रिय चुनावमा पनि देखिएको थियो । हालै उपनिर्वाचनमा स्पष्ट भयो ।

*(साभार: बद्धखरी)*

# ‘सेयर लगानीकर्ताको हित विपरीत निर्देशिका संशोधन’

काठमाडौं/नेपाल धितोपत्र बोर्डले सेयर लगानीकर्ताको लगानी जोखिममा हुनेगरी धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका संशोधन गरेको छ । २९ चैतमा बसेको धितोपत्र बोर्डले सञ्चालक समितिको धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ संशोधन गर्दै सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई खुद सम्पत्ति (नेटवर्थ) मा गणना गर्न सक्ने व्यवस्था गरेको छ ।

निर्देशिका संशोधन अगाडि सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई खुद सम्पत्ति (नेटवर्थ) मा गणना गर्न नपाइने व्यवस्था रहेकोमा २९ चैत २०७९ मा बोर्डले निर्देशिका संशोधन गर्दै उक्त व्यवस्था गरेको हो । यसले कमजोर वित्तीय अवस्था भएको कम्पनीहले पनि सार्वजनिक निष्कासनमा जाँदा सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा देखाउँदा कम्पनीको अवस्था बलियो देखिने हुन्छ ।

‘खुद सम्पत्ति’भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार संगठित संस्थाको सेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरूको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ,’ धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को सातौं संशोधनमा भनिएको छ ।

५ महिना अगाडि १७ कात्तिक २०७९ मा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ छैटौं संशोधन हुँदा खुद सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोष बाहेकको जगेडा कोष मात्रै नेटवर्थमा गणना हुने उल्लेख थियो । तर, २९ चैत २०७९ मा निर्देशिकाको सातौं संशोधन मार्फत सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोष भन्ने शब्द नै हटाएर जगेडा कोषलाई नेटवर्थमा गणना गर्नसकने व्यवस्था धितोपत्र बोर्डले गरिदिएको छ ।

संशोधित व्यवस्थाले कमजोर वित्तीय अवस्था भएका कम्पनीले समेत उच्च मूल्यमा सार्वजनिक निष्कासन गर्न पाउने अवस्था बन्ने धितोपत्र बजारको विज्ञहरु बताउँछन् । यस्तो व्यवस्थाले वित्तीय अवस्था कमजोर भएका कम्पनी पनि बुक बिल्डिङ, प्रिमियम मूल्यामा सार्वजनिक निष्कासन गर्दा समेत बढी मूल्य पाउने अवस्था आउने उनीहरुको तर्क छ ।




‘कम्पनीको वास्तविक मूल्यांकन हुनुपर्छ । तर, त्यसो भन्दैमा कमजोर वित्तीय अवस्था भएको कम्पनीहरुले पनि सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थ गणना गरेर उच्च मूल्यमा सेयर बिक्री गर्ने अवस्था सिर्जना गर्नु हुँदैन,’ बोर्डकै एक कर्मचारी भन्छन्, ‘यो लगानीकर्ताप्रतिको खेलवाड हुन्छ । लगानीकर्ताले कम्पनीको वास्तविक प्रतिफलको मूल्य तिर्ने हो । सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोष समेत थप गरेर सार्वजनिक निष्कासन गर्नु लगानीकर्ताप्रतिको अन्याय हो ।’

लगानीकर्ताको हित संरक्षण गर्ने दायित्व भएको नेपाल धितोपत्र बोर्डले नै लगानीकर्ताको हित विपरीत हुनेगरी निर्देशका संशोधन गर्दै कमजोर वित्तीय अवस्था भएको कम्पनीले पनि उच्च मूल्यमा सार्वजनिक निष्कासन गर्नसक्ने व्यवस्था गरिदिएको छ ।

कम्पनीको वास्तविक मूल्यांकन यति हो भनेर देखाउनको लागि सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा देखाउनु उपयुक्त सार्वजनिक निष्कासन गर्न सेयर लगानीकर्तालाई भ्रमित बनाउनेगरी सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई समेत खुद सम्पत्तिमा जोडेर मूल्य निर्धाण गर्न सक्नेगरी सम्बोधन भएको व्यवस्था गलत भएको धितोपत्र बोर्डकै कर्मचारीहरु बताउँछन् ।

नेपालमा मात्रै नभए भारतमा समेत सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा गणना गर्न नसक्ने व्यवस्था छ । भारतको धितोपत्र बजारको नियामक निकाय सेक्युरिटी एण्ड एक्सचेन्ज बोर्ड अफ इन्डिया(सेभी)ले पनि नेटवर्थमा सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई हटाउनुपर्ने व्यवस्था गरेको छ ।

नेपाल धितोपत्र बोर्डका पूर्व कार्यकारी निर्देशक निरज गिरी सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा देखाउँदा कम्पनीको वास्तविक मूल्यांकन आउँदैन भनेर त्यसलाई नेटवर्थमा देखाउन नमिल्ने व्यवस्था पहिला गरिएको बताउँछन् ।

‘सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा गणना गर्न नमिल्ने पहिलोको व्यवस्था नै ठिक हो कि भन्ने लाग्छ,’ बोर्डका पूर्व कार्यकारी निर्देशक गिरीले भने, ‘सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा देखाउँदा त्यसले कम्पनीको मूल्यांकन बढाउँछ । जुन उदेश्यले स्थापना भएको कम्पनी हो सोही व्यवस्थाबाट आएको कोष नै कम्पनीको वास्तविक मूल्यांकन हो । सम्पत्ति पूर्नमूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा देखाउँदा कम्पनीको सही मूल्यांकन नहुन सक्छ ।’

सम्पत्ति कम्पनीले व्यवसायबाट आर्जन गरेको नभएकोले त्यसलाई पनि मूल्यांकन गरेर सार्वजनिक निष्कासनको मूल्य निर्धारण हुने अवस्थामा आउने जोखिम भएको उनले बताए । भारत लगायत दक्षिण एशियाली देशहरुको अभ्यासका साथै चार्टर्ड एकाउन्टेन (सीए) हरुसँग समेत छलफल गरेर उक्त व्यवस्था गरेको उनले दाबी गरे ।

‘कम्पनीको उत्पादनबाट सामान्य नाफा अथवा उत्पादन नै नभएको कम्पनीले पनि सम्पत्ति पूनर्मूल्यांकनबाट सिर्जित कोष समेतको नेटवर्थको आधारमा प्रिमियमा सार्वजनिक निष्कासन गर्छु भन्छ भने दिने कि नदिने ?’ गिरी प्रश्न गर्छन् ।

संशोधित व्यवस्था लगानीकर्ताको हित विपरीत भएको धितोपत्र बोर्डको एक पूर्वअध्यक्ष बताउँछन् । यसले यसबाट वित्तीय अवस्था कमजोर भएका कम्पनीलाई फाइदा पुग्ने र त्यसले लगानीकर्ताको हित नगर्ने उनको तर्क छ । धितोपत्र ऐनले नै धितोपत्र बोर्डको गठनको उदेश्य लगानीकर्ताको हित संरक्षण गर्ने उल्लेख गरेको भन्दै केही निश्चित कम्पनीलाई फाइदा पुग्नेगरी निर्देशिका संशोधन हुनु धितोपत्र बोर्ड गठनको उदेश्य विपरीत भएको उनले बताए ।

‘पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न धितोपत्रको निष्कासन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल धितोपत्र बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएको छ’ धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ३ मा भनिएको छ ।

नेपाल धितोपत्र बोर्डका प्रवक्ता मुक्तिनाथ श्रेष्ठ एनएफआर एस अनुसार सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई सार्वजनिक निष्कासन गर्ने कम्पनीले विवरणपत्रमा उल्लेख गर्नसक्ने व्यवस्था गरिएको बताउँछन् । प्रिमियम मूल्यमा सार्वजनिक निष्कासन गर्ने कम्पनीलाई सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोष समेतको आधारमा नेटवर्थ देखाएर मूल्य निर्धारण गर्न नपाउने धितोपत्र बोर्डको प्रवक्ता मुक्तिनाथ श्रेष्ठ बताउँछन् । प्रिमियम मूल्य निर्धारण गर्ने सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई समेत नेटवर्थमा गणाना हुने अवस्था भयो भने जोखिम हुन सक्ने उनी बताउँछन् ।

अंकित मूल्यमा सार्वजनिक निष्कासन गर्ने कम्पनीलाई भने सम्पत्तिको पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई कुनै नेटवर्थमा गणना गर्दैमा कुनै असर नगर्ने उनको तर्क छ ।

नेपाल राष्ट्र बैंकको पूर्व कार्यकारी निर्देशक तथा धितोपत्र बजार विज्ञ डा. गोपाल भट्ट नेटवर्थमा कम्पनीको इक्विटी र वैधानीक जगेडा समावेश गर्नु उपयुक्त हुने उनी बताउँछन् । तर, सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा गणना गरेर सार्वजनिक निष्कासन गर्नु गलत भएको भट्टको तर्क छ । यसरी सिर्जित कोषलाई नेटवर्थमा देखाएर प्रिमियमा मूल्य निर्धारण गर्ने र सर्वसाधारणलाई निष्कासन गर्नु गलत भएको उनको तर्क छ ।

‘धितोत्रप बजार आफैमा जोखियुक्त बजार हो । त्यसमा आरक्षण भनेर विदेशमा पसिना बगाउने नेपालीलाई समेत लगानी गर्न भनेका छौं,’ उनले भने, ‘सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोष भनेको नै जानकारी नभएको लगानीकर्तालाई समेत लगानी गर्ने सार्वजनिक निष्कासनमा कम्पनीले त्यस्तो कोषलाई नेटवर्थमा देखाउनु लगानीकर्ताको हित विपरित हुन्छ ।’

यस्ले सार्वजनिक निष्कासन गर्ने कम्पनीमा लगानी गर्नु झनै जोखिमयुक्त हुने उनले बताए । ‘हिजो नेटवर्थ गणना गर्दा त्यसलाई किन राखिएको थियो ? आज किन हटाइयो ? यो सार्वजनिक रुपमा जानकारी समेत गराएको छैन,’ उनले भने, ‘यसमा अन्य देशको पनि अभ्यास के छ भनेर हेर्नुपर्छ ।’

सार्वजनिक निष्कासनमा सम्पत्ति पुनर्मूल्यांकनबाट सिर्जित कोषलाई नेटवर्थमा गणना गर्नसक्ने व्यवस्था गरेको बोर्डले त्यसको कम्पनीको सहित अन्डरराइटिङ हुने व्यवस्था पनि गर्नुपर्ने धितोपत्र बजार का जानकारहरु बताउँछन् ।

‘अन्तराष्ट्रिय बजारमा प्रिमियम अथवा अंकित मूल्यमा नै सार्वजनिक निष्कासन गर्ने कम्पनीको अन्डरराइटिङ गर्ने गर्ने कम्पनीले सुरुमा नै सेयर किन्नुपर्छ,’ मर्चेन्ट बैंकको समेत नेतृत्व काम धितोपत्र बजारका जानकार एक अधिकारीले भने, ‘सार्वजनिक निष्कासनमा धितोपत्र बोर्डलाई तजबिजी अधिकार नै दिनु हुँदैन । बोर्डले एउटा मापदण्ड बनाउने र त्यसभित्र रहेर अन्डराइटर मूल्य तय गरेपछि सर्वसाधारणलाई निष्कासन गर्नुपर्छ । सर्वसाधारणले उक्त मूल्यमा सेयर किनेन भने त्यसको जोखिम अन्डरर इटरले बहन गर्छ ।’

*(स्रोत: अनलाइनखबर)*

# रिलिज नियम कुल्चिएर ‘ज्याकी’ बिहीबार बाटै प्रदर्शनमा, संघ-संस्था मूकदर्शक




काठमाडौं/चलचित्र विकास बोर्डको सहयोगमा चलचित्र निर्माता संघसहित फिल्म सम्बद्ध विभिन्न संघ-संस्थाहरुबीच भएको दशैं, तिहार, तिज र नयाँ वर्षका निश्चित विदाबाहेक अन्य मितिमा शुक्रबार मात्र फिल्म प्रदर्शन गर्नुपर्ने नियम र पद्धतीको पटक-पटक धज्जी उड्दै आएको छ । यो नियमलाई कुल्चिएर कहिले विदेशी फिल्म त कहिले नेपाली फिल्म नै जुनसुकै मितिमा प्रदर्शन हुँदै आएका छन् ।

विशेषगरी यो नियम नमान्नेमा विदेशी फिल्म अगाडि छ । ‘भारत’, ‘लाइगर’, ‘भोला’ जस्ता फिल्म शुक्रबार अगावै नेपालमा प्रदर्शन भए । यसलाई रोक्न न चलचित्र विकास बोर्ड न फिल्म सम्बद्ध संघ-संस्थाहरुले कुनै कदम चाल्न सके । यसबाटै हौसिएर हुनसक्छ, नेपाली निर्माताले पनि रिलिजको नियम कुल्चिन थालेका छन् । फिल्म ‘ज्याकी : आइ एम ट्वान्टी वान’ यसको नयाँ उदाहरण हो ।

फिल्मको नाममा २१ रहेकाले निर्माताले प्रदर्शन पनि बैशाख २१ गते रोजेका हुन् । तर, यो मिति शुक्रबार परेन र आज बिहीबारबाटै फिल्म प्रदर्शनमा आएको छ । यसरी फिल्मको नामलाई आधार बनाएर जुनसुकै मितिमा प्रदर्शन गर्ने प्रवत्तिलाई प्रशय दिने हो भने रिलिजको परम्परा ध्वस्त हुनसक्छ । तर, यही फिल्मको प्रिमियरमा बोर्ड अध्यक्ष भुवन केसी पुगेर दूधको साक्षी विरालो बनिदिए ।

निर्माता संघको अध्यक्षमा निर्वाचित भएपछि नवल खड्काले पहिलो बैठकमै फ्राइडे रिलिजको नियमलाई कडाइपूर्वक कार्यान्वयन गरिने र कसैले यो नियमलाई अटेर गरे आन्दोलनका कार्यक्रम घोषणा गर्ने बताएका थिए । तर, ‘ज्याकी’ले रिलिज नियम उल्लंघन गर्दा पनि निर्माता संघ आँखामा पट्टी बाँधेर बसेको छ । मिडियाबाजीमा रमाउने अध्यक्ष खड्का भने ससुराली घुम्दैमा व्यस्त छन् ।

‘ज्याकी’ बिहीबारबाटै प्रदर्शनमा आउँदा अघिल्लो हप्ताका ‘प्रसाद २’ र ‘नाईं नभन्नू ल ६’को एक दिन अगावै धेरै शो खोसिएको छ । रिलिजलाई व्यवस्थित गर्नुपर्ने दायित्व चलचित्र विकास बोर्ड र फिल्म सम्बद्ध संघ-संस्थाहरुको हो । तर, यहाँ सानालाई ऐन र ठूलालाई चैन भैरहेको छ । भोलिका दिनमा ‘ज्याकी’ले झैं धेरै नेपाली फिल्मले रिलिजको नियम कुल्चिन सक्ने सम्भावना देखिन्छ ।

# जेठबाट सरेर साउन ६ मा पुग्यो अमेरिकामा हुने नेफ्टा अवार्ड

काठमाडौं/हलिउड भूमि अमेरिकामा आयोजना हुन लागेको ११औं नेफ्टा अवार्ड पूर्वनिर्धारित मिति (जेठ १३)मा नहुने भएको छ । अवार्डका लागि आवश्यक तयारी नपुगेको भन्दै दुई महिनालाई अवार्ड पोस्टपोन्ड गर्दै साउन ६ गते (जुलाई २२)लाई नयाँ मिति तय गरिएको छ । उक्त अवार्डको मनोनयन घोषणा भने आगामी बैशाख ३१ गते गरिने आयोजक संस्था चलचित्र प्राविधिक संघले जनाएको छ ।



मनोनयनमा अटाउने सबै फिलमकर्मीले अमेरिकामा हुने अवार्डमा सहभागिता जनाउने संघका अध्यक्ष पुष्कर लामा (प्रेम भोञ्जन)ले बताए । अवार्डमा २०७९ सालभित्र प्रदर्शन भएका फिल्मले ४२ विधामा प्रतिस्पर्धा गर्नेछन् । जुरीले फिल्म हेरेर मूल्यांकन गर्ने काम सकेका छन् । अमेरिकाभन्दा अगाडि नेफ्टाका विभिन्न संस्करणहरु युएई, मलेसिया, हङकङ र कतारमा सम्पन्न भैसकेका छन् ।

अमेरिकी संस्करणका लागि प्राविधिक संघसँग फेम नेपाल, युएस खबर र आर्यन फिल्म्सले सहकार्य गरेका छन् । नेपाली फिल्मको अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यसहित अमेरिकामा अवार्ड गर्न लागिएको अध्यक्ष लामाले बताए । आयोजक संस्था फेम नेपालका अध्यक्ष विमल पछाइले नेफ्टा अवार्डमार्फत हलिउड र बलिउडसँग सहकार्य गरेर संस्कृतिलाई प्रवर्द्धन गर्नु रहेको बताएका छन् ।

अवार्डको उत्कृष्ट अभिनेता र अभिनेत्रीको पुरस्कार कुनै एक हलिउड र बलिउड कलाकारबाट प्रदान गराउने तयारीमा आयोजक संस्था छ । अवार्डभन्दा अगाडि टेक्सासस्थित नेपाली समुदायलाई समेटेर २ किलोमिटर नेपाल परेड कार्यक्रममार्फत सांस्कृतिक झाँकी प्रस्तुत गर्न लागिएको छ । नेफ्टाको १०औं संस्करण अघिल्लो वर्ष काठमाडौंको एक पाँचतारे होटलमा सम्पन्न भएको थियो ।

# ‘टुल्की’ पोस्टरमा गम्भीर र निराश स्वस्तिमा

काठमाडौं/आगामी जेठ १२ गतेबाट प्रदर्शनमा आउन लागेको देव थापा निर्देशित फिल्म ‘टुल्की’को क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक दुई पोस्टरमध्ये एउटामा नव-अभिनेत्री स्वस्तिमा कार्की गम्भीर र निराश भावमा चित्रित छिन् भने अर्को पोस्टरमा उनीसँगै कलाकार शिशिर वाङ्देल प्रस्तुत छन् । स्वस्तिमा र शिशिरको लुक्सले दर्शकमा फिल्मप्रति उत्सुकता जगाउने देखिन्छ ।

द पाल्म ग्रुपको ब्यानरमा निर्माण भएको फिल्ममा सोफिया लिम्बू, नरेन्द्र तामाङ, सोम लामा, शेखर लामा, सौजन सुब्बा, भक्तसिंह कठायत, रत्नप्रसाद न्यौपानेलगायतको पनि अभिनय रहेको छ । शेखर लामा प्रस्तुतकर्ता रहेको फिल्मको निर्माताहरुमा आरपी कर्माचार्य र उजेली लामा छन् । यसै साता फिल्मको गीत तथा ट्रेलर सार्वजनिक गर्न लागिएको प्रस्तुतकर्ता लामाले जानकारी दिए ।

हिमाली क्षेत्रमा प्रचलित बहुपति प्रथामा आधारित फिल्मको छायांकन हिमाली जिल्ला डोल्पामा भएको हो । सुशील अधिकारी र नमराज घिमिरेको छायांकन रहेको फिल्मको कथा लक्ष्मण सुनारले लेखेका हुन् भने पटकथा शेखर लामाको हो ।

तारा थापाको सम्पादन र लिगेश भट्टराई र रमेश बुढाथोकीको कोरियोग्राफी रहेको फिल्मलाई डिसिएन र रिच इन्टर टेन्टमेन्टले वितरण गर्दैछन् ।

## नक्कली भुटानी शरणार्थी प्रकरण :

# प्रहरी अनुसन्धानप्रति एमालेको आशंका

काठमाडौं/पार्टी सचिव टोपबहादुर रायमाझीलाई पक्राउ गर्न पूर्जी जारी गरेको भोलिपल्ट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीलाई भेटेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा करिव ४० मिनेट भएको कुराकानीमा एमाले अध्यक्ष ओलीले अधिकांश समय यही विषयमा कुरा गरेका छन् ।

एमाले सचिव रायमाझी नेपाली नागरिक्लाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजान भनेर गरिएको ठगीमा मुछिएका छन् र प्रहरीको सिफारिसमा जिल्ला अदालत, काठमाडौंले बुधबार रायमाझीविरुद्ध पक्राउ पूर्जी जारी गरेको थियो ।

रायमाझीका छोरा सन्दीपलाई प्रहरीले बुधबार नै बुटवलबाट पक्राउ गरिसकेको छ । पार्टी उपाध्यक्ष रामबहादुर थापा गृहमन्त्री भएको बेला सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ परि सकेका छन् भने राईका छोरा निरज र बादलका छोरा प्रतीकलाई पक्राउ गर्न पूर्जी जारी भएको छ ।

एमाले अध्यक्ष ओलीका अनुसार पक्राउ पुर्जी जारी भएपछि विहीबार साँझ नै उनको रायमाझीसँग कुराकानी भएको थियो । त्यसक्रममा रायमाझीले आफूले आईजीपीसँग कुरा गरेको र काठमाडौं आउन लागेको सुनाएका थिए । तर शुक्रबार पक्राउ गरेको, फरार भएको जस्ता खबर सुनेको भन्दै ओलीले भने, ‘एउटा सांसद, पटकपटक मन्त्री भइसकेको पार्टीको नेता बाटामा हिँड्दाहिँड्दै समाउनुपर्ने एकदम र हस्यपूर्ण छ ।’

यसबारे आफूले प्रधानमन्त्री प्रचण्डको समेत ध्यानाकर्षण गराएको भन्दै एमाले अध्यक्ष ओलीले सञ्चार कर्मीहरुसँग भनेका छन्, ‘यो तानिएको हो कि तनाएको हो, हामी अध्ययन गर्दैछौं । अध्ययन गरेपछि यसको निष्कर्ष निकाल्छौं ।’

ओलीले प्रधानमन्त्रीलाई भेटेर ध्यानाकर्षण गराएपनि एमालेले साँझसम्म आधिकारिक निर्णय गरेको छैन ।

पक्राउ परेका र पूर्जी जारी भएकाहरु तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनपछि एमाले भएका हुन् । माओवादी पृष्ठभूमिका उनीहरु नेकपा विभाजन हुँदा एमालेतिर लागेका थिए । संकटको त्यो समयमा आफूलाई साथ दिएका कारण ओलीले सार्वजनिक रुपमै बचाउ गरेका छन् ।

तर पार्टीले औपचारिक रुपमा भने तत्काल कुनै निर्णय नलिने एमाले नेताहरु बताउँछन् । एक नेताका अनुसार, प्रहरी अनुसन्धानमै आशंका गर्ने ठाउँ देखिएकाले तत्काल निर्णय नलिने नीति लिइएको हो । अहिले अनुसन्धान सुरु मात्रै भएको हो । ‘अनुसन्धानकै आधारमा दोषी भनिहाल्न मिल्दैन’ ती नेता भन्छन् ।

सचिव रायमाझीले पनि अध्यक्ष ओलीसँग आफूलाई फसाउन षड्यन्त्र भइरहेको प्रष्टोक्ति दिएका छन् । ‘संलग्न छैन भन्नेमा बलियो कन्फिडेन्स देखिन्छ, निर्दोष सावित हुने परिस्थिति छ भने तत्काल निर्णय लिन आवश्यक रहेन’, ती नेता भन्छन् ।

प्रधानमन्त्री प्रचण्डलाई भेटेपछि एमाले अध्यक्ष ओलीले पनि रहस्यपूर्ण छ भन्दै षड्यन्त्रकै आशंका व्यक्त गरेका थिए । एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजाल पनि पहिले नै दोषी करार गर्ने प्रयास भएको बताउँछन् । भन्छन् ‘प्रहरीले बोलाएर बुझ्न सक्थ्यो । तर पक्राउ पूर्जी जारी गरेर हल्लाखल्ला गरियो ।’

एमालेसँग सम्बन्ध जोडिएकाहरुलाई मात्रै पक्राउ पूर्जी जारी गरेर प्रचार गरिएकाले आशंका देखिएको एमाले नेताहरुको बुझाइ छ । ‘तत्कालीन गृहसचिव टेकनारायण पाण्डेलाई पक्राउ गरिएको छ, तर पाण्डे गृहसचिव हुँदाका गृहमन्त्रीबारे केही भनिएको छैन’, एमालेका अर्का नेता भन्छन् । तर एमालेले संस्थागत रुपमै आरोपित नेताहरुको बचाउ पनि गर्न सक्ने अवस्था छैन । किनकी आरोपित नेताहरुको प्रष्टोक्तिलाई मात्रै विश्वास गर्ने अवस्था छैन । ‘अहिले षडयन्त्र भन्दै गर्दा भोलि प्रमाणित भए के गर्ने ?’, ओली निकट स्रोत भन्छन्, ‘सत्य कुरा भविश्यमा थाहा भइहाल्छ नि !’

उपमहासचिव एवं प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङ पनि यो घटनामा निष्पक्ष छानबिन हुनुपर्ने बताउँछन् । २४ गतेदेखि झापामा बस्ने सचिवालय बैठकमा यसबारे थप छलफल हुने भन्दै उनले भने, ‘राज्यले निष्पक्ष र तटस्थ छानबिन गर्न पाउनुपर्छ, त्यसमा हाम्रो सहयोग र हन्छ ।’ *(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
“तपाई हामी सबैको कुरा”
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत् कुलेखानी-सिस्नेरी खण्डमा खसेको पहिरो पन्छाउँदै डिभिजन सडक हेटौंडाका कर्मचारी र स्थानीय । विगत केही दिनदेखि परिरहेको वर्षाका कारण सिस्नेरी-कुलेखानी सडक खण्डमा साना पहिरो गएका छन् । पानीमै भिजेर पहिरो पन्छाउने काम भइरहेको स्थानीय रोशन ठकुरीले जानकारी दिएका छन् । पहिरो गएर सडक अवरुद्ध हुँदा यात्रुहरु अलपत्र परेका छन् । विगतमा सिस्नेरी सडक खण्ड हेटौंडा-काठमाडौं आवतजावतका लागि धेरै प्रयोग हुने गरेको थियो । करिब २ वर्षदेखि सडक निर्माण जारी रहेकाले सवारीसाधनहरु फाखेलको यात्रा बढी गर्दछन् । *तस्बिर: रोशन ठकुरी, इन्द्रसरोबर ।*

# मकवानपुरमा ९ महिनाभित्र ३२ हजार सवारीसाधनमाथि कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ मकवानपुरमा चालू आर्थिक वर्ष २०७९/८० को ९ महिनामा कानुन उल्लघंन गरी सञ्चालन गर्ने ३२ हजार बढी सवारीसाधन कारबाहीमा परेका छन् ।

सवारीसाधनको कागजपत्र साथमा नबोक्नेदेखि तीव्र गतिमा सवारी चलाउनेसम्मलाई गरेर विभिन्न कसुरमा जरिवाना तिराउँदै कारबाहीको भागिदार बनाइएको हो । चालू आवको साउनदेखि चैत मसान्तसम्म जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले ३२ हजार ८९ सवारी साधनलाई कारबाही गरेको हो । कानुन उल्लंघन गरी सवारी चलाउनेलाई कारबाही गर्दा सरकारको ढुकुटीमा २ करोड ४५ लाख ८९ हजार ५ सय रुपैयाँ राजश्व संकल भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । कार्यालयका अनुसार चालू आवको चैत मसान्तसम्म कागजात पत्र साथमा नबोकी हिँड्ने ७ हजार ९ सय ७५, सवारी चालक अनुमति पत्र (लाइसेन्स) नबोकी हिँड्ने २ हजार ३ सय ९८ सवारी चालक कारबाहीमा परेका छन् ।

सवारीसाधनको अत्यावश्यक इन्डिकेटरभित्र पर्ने बत्तिको अवस्था ठिक नभएका ३ हजार १ सय १२, तीव्र गतिमा सवारी चलाउने ४ सय ४९, सवारीधनी पत्रमा उल्लेख भएको प्रयोजन विपरित चलेका ४ सय ५०, सिट क्षमता भन्दा बढी यात्रु बोक्ने २ हजार १९ तथा र अन्य गरी ३ हजार ८ सय २१ सवारीसाधन कारबाहीमा




परेको ट्राफिक कार्यालयको तथ्यांक छ । साउनदेखि चैत मसान्तसम्म सवारीसधान कारबाहीबाट २ करोड ४५ लाख ८९ हजार ५ सय रुपैयाँ राजश्व संकलन गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यले जानकारी दिए । चालू आवको पहिलो महिना अर्थात् साउनमा ७ सय ६४ सवारीसाधन कारबाहीबाट २४ लाख ६ हजार ५ सय राजश्व संक्लन भएको थियो ।

भदौमा ५ सय ७६ सवारी साधन कारबाहीबाट २४ लाख ४९ हजार, असोजमा ५ सय ५३ सवारी साधन कारबाहीबाट २५ लाख ५७ हजार, कार्तिकमा ६ सय ४९ सवारी कारबाहीबाट २९ लाख ७५ ५ सय राजश्व संकलन गरिएको प्रमुख आचार्यले बताए । मंसिरमा ५ सय २९ सवारीसाधन कारबाहीबाट २२ लाख ५२ हजार ५ सय, पुसमा ६ सय ५८ सवारीसाधन कारबाहीबाट २९ लाख १० हजार, माघमा ५ सय ९७ सवारीसाधन कारबाहीबाट ३० लाख ४७ हजार ५ सय , फागुनमा ६ सय ४२ सवारी कारबाहीबाट २७ लाख ९९ हजार ५ सय राजश्व संकलन भएको प्रमुख आचार्यले जानकारी दिएका छन् ।

चालु आवको चैत महिनामा मात्रै ४ हजार २ सय ५० सवारीसाधन कारबाही गर्दा ३० लाख ९२ हजार राजश्व संकलन गर्न सफल भएको इन्स्पेक्टर आचार्यले बताए । कार्यालयले चैतमा मात्रै ८ सय ३८ वटा ट्रकमार्फत ६ लाख ६६ हजार, ४ सय ६० वटा बसमार्फत ३ लाख ४३ हजार, ९ सय २७ कार, जीप, भ्यानमार्फत ७ लाख १३ हजार, १ सय ३३ ट्याक्टर मार्फत ९२ हजार पाँच सय, १ हजार २ सय ५० मोटर साइकलमार्फत ८ लाख ६८ हजार, टेम्पो तथा अन्य ६ सय ४२ सवारी साधनमार्फत ४ लाख ९ हजार ५ सय राजश्व संक्लन भएको प्रमुख आचार्यले बताए ।

कार्यालयले मादक पदार्थ सेवन (मापसे)मा कारबाही परेको ३ सय ४० सवारीसाधानबाट साउनदेखि चैतसम्म ३ लाख ४१ हजार, गलत रुट परमिट बनाइएको कसुरमा ४ हजार ६ सय २४ सवारीसाधनबाट ३४ लाख ८६ हजार, ओभरलोड बोक्ने २ हजार ५ सय २५ सवारी कार बाहीबाट २५ लाख १८ हजार, सिट बेल्ट तथा हेलमेट नलगाई असुरक्षित तरिकाले सवारीसाधन चलाउने ४ हजार ३ सय ४६ सवारी साधनबाट २९ लाख ४ हजार राजश्व संकलन गरेको प्रमुख आचार्यले जनाए । कागजात पत्र साथमा नबोकी हिँड्ने ७ हजार ९ सय ७५ सवारीसाधनबाट ५६ लाख ५६ हजार राजश्व संक्लन भएको कार्यालयले जनाएको छ ।

ट्राफिक प्रहरीले सवारी चालक अनुमति पत्र नबोकी हिँड्ने २ हजार ३ सय ९८ सवारीसाधन चालकबाट २४ लाख २० हजार, बत्तिको अवस्था ठिक नभएकोमा ३ हजार १ सय १२ सवारीसाधनबाट १९ लाख ५४ हजार, तीव्र गतिमा सवारी चलाउने ४ सय ४९ सवारी साधनबाट ४ लाख ७ हजार ५ सय, प्रयोजन विपरित चलेका ४ सय ५० सवारीसाधनबाट ४ लाख २१ हजार ५ सय, सिट क्षमता भन्दा बढी यात्रु बोक्ने २ हजार १९ सवारीसाधनबाट १८ लाख ६९ हजार र अन्य कारबाहीमा परेका ३ हजार ८ सय २१ सवारी बाट २६ लाख १२ हजार पाँच सय राजश्व संकलन भएको कार्यालयले जानकारी दिएको छ ।

# स्थानीय महिलालाई अल्लोको कपडा बुन्न सिकाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकाको गोपाली गाउँका स्थानीय महिलालाई अल्लोको कपडा बुन्न सिकाइएको छ ।

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत अल्लो धागोको ४५ दिने कपडा बुनाई तथा सिलाई तालिम बिहीवार समापन गरिएको छ । ४५ दिनसम्म गोपाली गाउँका १० जनालाई कपडा बनाउन सिकाइएको हो । १० जना सहभागी तालिमबाट कपडा बुनाई तर्फको चर्खा घुमाउन, टुक्कीमा धागो भर्न, तान लगाउन, कोका-काँगी भर्ने, पाउदानी चलाउने, सटर चलाउन सिक्नुको साथै टोपी र स्टकोटको कपडा काट्ने सीप सिक्न पाइएको सहभागीहरुले जानकारी दिएका छन् । कपडा बुनाई तथा सिलाई सम्बन्धीको पूर्ण सीप सिकेर व्यवसाय संचालन गर्नका लागि क्षमता विकास तालिमको आवश्यक पर्ने तालिम लिने समुहका संयोजक रेश्मा गोपालीले बताए ।



थाहा नगरपालिकाको आर्थिक सहयोग तथा थाहा नगर लघु उद्यम विकास शाखाद्वारा सञ्चालित तालिम थाहा नगरपालिका-३ गोपाली गाउँमा समापन गरिएको थियो । समापन कार्यक्रमलाई सम्बोधन गर्दै थाहा नगरका उपप्रमुख भरत गोपालीले नगरपालिकाको महिलाहरु उद्यमी बनेर आयआर्जनमा लागे मात्र अन्य क्षेत्रमा समेत अघि बढ्न सक्ने बताए । उद्यमी बन्न चाहने महिलाहरुलाई नगरपलिकाले आवश्यक सहयोग गर्ने प्रतिवद्धता गोपालीले जनाए । सीप सिकेको प्रमाणपत्र एउटा हतियार भएको हुनाले यसको प्रयोग गर्न सधैं तयार हुनुपर्ने उनको भनाइ थियो । अल्लोको कपडा लगाउँदा संस्कृतिको जगेर्ना पनि हुने उनले बताए ।

उपप्रमुख गोपालीले महिला हिंसा हटाउन यस्ता सीप सहयोगी हुने बताए । थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले अल्लो कपडा बुन्ने तालिम लिएका महिलाहरुले अब आत्मनिर्भर बनेर अघि बढ्नुपर्ने सुनाए । तालिम समापन कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, थाहा नगर पालिका गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)का अधिकृत कुमार नेगी, प्रशिक्षक हरि गोपाल च्यासीलगायतले आफ्नो धारणा राखे । तालिममा सहभागी महिलाहरुलाई प्रमाणपत्र र प्रशिक्षकलाई प्रशंसा-पत्र प्रदान गरिएको छ ।

# मोटरसाइक्लको ठक्करबाट बालक घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ हेटौंडा उमहानगरपालिका वडा नम्बर १७ गैरीगाउँमा मोटरसाइकलको ठक्करबाट ९ वर्षीय बालक घाइते भएका छन् ।

स्थानीय प्रदिप थापाको छोरा ९ वर्षीय आयुष थापालाई बाटो काट्ने क्रममा मोटरसाइकलले ठक्कर दिएर घाइते बनाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । कान्तिलोकपथअन्तर्गत हेटौंडाबाट मकवानपुरगढीतर्फ जाँदै गरेको बा. प्र ०३-००२ प ०५२८ नम्बरको मोटरसाइक्लले बाटो काट्ने क्रममा आयुषलाई ठक्कर दिएको जिप्रका मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

मोटरसाइकलको ठक्कर बाट आयुषको टाउको र शरिरको विभिन्न भागमा चोट लागेको छ । घाइते बालकको उपचारको लागि सञ्चो अस्पताल हेटौंडा पठाईएकोमा त्यहाँबाट नर्भिक अस्पताल काठमाडौं रिफर गरिएको प्रहरीले जनाएको छ ।

मोटरसाइक्ल र चालक प्रहरीको नियन्त्रणमा रहेको छ । घटनाको बारेमा अनुसन्धान भइरहेको र मोटरसाइक्ल चालकको परिचय प्रहरीले गोप्य राखेको छ ।

# कबड्डीमा रजत पदक विजेता थाहाकी विष्ट सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ काठमाडौंमा वैशाख तेस्रो हप्तामा भएको राष्ट्रियस्तरको राष्ट्रपति र निङशिल्ड प्रतियोगितामा रजत पदक विजेता मकवानपुरकी खेलाडी निश्कला विष्टलाई सम्मान प्रदान गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले १५-१७ वैशाखमा आयोजना गरेको राष्ट्रपति रनिङशिल्डअन्तर्गत् कबड्डी खेलमा विष्ट रजत पदक जित्न सफल भएकी थिइन् । थाहा नगरपालिका घर भएकी उनी जनकल्याण माविबाट जिल्लास्तरीय, बागमती प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्ट हुँदै राष्ट्रियस्तरको राष्ट्रपति रनिङशिल्डमा छनौट भएकी थिइन् । जनकल्याण माविले राष्ट्रिय प्रतियोगितामा रजत पदक जितेको भन्दै खेलाडी विष्टलाई नगदसहित सम्मान गरेको हो । विष्ट, जनकल्याण माविमा कक्षा-११ को मानविकी संकायमा अध्यनरत् छिन् ।

थाहा नगरको सबै खेलाडीको लागि यस रजत पदक ऐतिहासिक सफलता भएकोले नगर पालिकाको गौरव बढेको विद्यालयका प्रधानाध्यापक सानोभाई कार्कीले बताए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजिवकुमार स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा-३ का वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझीले विजेता खेलाडी विष्टलाई सम्मान पत्र प्रदान गरेका थिए ।

कार्यक्रममा विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक रामकुमार बल, कबड्डी प्रशिक्षक राखी लामा, शिक्षक महासंघ थाहाका अध्यक्ष राजाराम कार्की, सहायक प्रधानाध्यापक कृष्णबहादुर विष्टलगायत शिक्षक तथा कक्षा-११ का विद्यार्थीहरुको उपस्थिति थियो ।

# गोगनेमा शिविरमा ३ सय जनाको स्वास्थ्य उपचार



साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ जिल्लाको विकट कैलाश गाउँपालिका वडा नम्बर ५ स्थित गोगने चौकीटारमा स्वास्थ्य शिविर भएको छ ।

शिविरमा करिब ३ सय जना स्थानीयले विभिन्न किसिमका स्वास्थ्य परीक्षण गराएका छन् । बुधबार गोगने स्वास्थ्य चौकीमा आयोजना गरिएको स्वास्थ्य शिविरमा दन्त रोगसम्बन्धी उपचार, प्रजनन् स्वास्थ्य सेवा, परिवार नियोजन सेवा, अस्थायी परिवार नियोजन सेवा, पाठेघरको मुखको जाँच, जनरल स्वास्थ्य परीक्षण, गर्भवती महिलाको भिडियो एक्सरे सेवालगायतको स्वास्थ्य सेवा प्रदान गरिएको थियो । शिविरमा कैलाश अस्पतालमा कार्यरत जनरल फिजिसियन डाक्टर सन्तोष साह, हेटौंडाबाट लगिएको दन्तरोग विशेषज्ञ मोहम्मत करिम आलमलगायत स्वास्थ्य टोलीले स्वास्थ्य सेवा प्रदान गरेका थिए ।

शिविरमा आरती फार्मेसी हेटौंडाले दन्तरोग विशेषज्ञसहित औषधि सहयोग गरेको थियो । कैलाश-५ का वडा अध्यक्ष छेकु लामाको अध्यक्षतामा भएको शिविर उद्घाटन कार्यक्रममा कैलाश गाउँपालिका अध्यक्ष लोक मुक्तानको प्रमुख आतिथ्यता थियो । शिविर उद्घाटनमा बोल्दै अध्यक्ष मुक्तानले विकट गाउँमा रहेका स्थानीयलाई गाउँघरमै उपचार सेवा प्रदान गर्न शिविरको आयोजना गरिएको बताए । सामान्य रोग लाग्दा पनि धेरै खर्च गरेर हेटौंडा वा पालुङको स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यतालाई मध्यनजर गर्दै गाउँपालिकाले शिविरको आयोजना गरेको उनले बताए । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अशोक विष्ट, गोगने स्वास्थ्य चौकी प्रमुख सुनिता कुमारी गोले लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# कार्यालयमै तास खेल्दै महानगर प्रहरी

काठमाडौं, २१ वैशाख/ काठमाडौं महानगरपालिकाका नगर प्रहरीहरु कार्यालयमै तास खेल्ने गरेको पाइएको छ । टेकुस्थित नगर प्रहरी बलको कार्यालयमा नगर प्रहरीको पोसाकमै तास खेलिरहेको तस्वीर सार्वजनिक भएको छ । नगर प्रहरी बलको पोसाकमै तास खेलिरहेको तस्वीर सार्वजनिक भएपछि यस्तो तथ्य बाहिरिएको हो ।

कार्यालय समयमा तास खेल्नेमा नगर प्रहरी नायव निरीक्षक नीरकुमार बस्नेत, हवलदार प्रयास घिमिरे र जवान रुपेश बानियाँ छन् । बानियाँ भने कम्पनी करार मार्फत नगर प्रहरीमा आएका हुन् । तास खेलिरहेको उनीहरुको तस्वीर बुधबार दिउँसोको भएको महानगर पालिका स्रोतले जनाएको छ ।


कार्यालयमा तास खेल्ने नगर प्रहरीलाई छानबिनको प्रक्रियामा ल्याइएको महानगरपालिका स्रोतले जनाएको छ ।

'तास खेलिरहेको तस्वीर हामीले पनि देख्यौं, अहिले अन्य व्यक्तिलाई पनि छानबिनको दायरामा ल्याएका छौं । अन्य पनि संलग्न भएको पाइएमा उनीहरूलाई पनि कारबाही गर्छौं' महानगरका एक नगर प्रहरी अधिकारीले भने ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय
हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा

*अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावहरुलाई स्वागत छ ।*

हेटौडा अस्पतालमा पाउने सेवा सुविधा

**सेवाहरु**

☞ हाडजोर्नी विषेशज्ञ सेवा
☞ बालरोग सेवा
☞ प्रसुति सेवा
☞ दन्त सेवा
☞ फिजिसियन सेवा
☞ नाक, कान, घाँटी सेवा
☞ शल्यक्रीया सेवा
☞ फिजियोथोरापी सेवा
☞ न्यूरो सेवा
☞ आयुर्वेद सेवा
☞ क्याविन सेवा
☞ छाला रोग सेवा

**विशेष सेवा**

☞ ICU, HDU
☞ Dialysis
☞ General Lab (PCR lab)
☞ Endoscopy
☞ USG
☞ CT SCAN
☞ ECG
☞ ART सेवा
☞ OT/Post Op सेवा
☞ सर्जिकल वार्ड सेवा
☞ मेडिकल वार्ड सेवा
☞ सामाजिक सेवा ईकाई
☞ OCMC सेवा
☞ जेरायट्रिक वार्ड सेवा
☞ MRI शिघ्र रुपमा सुचारु हुदै
☞ NICU/PICU शिघ्र रुपमा सुचारु हुदै

**टिकट खुल्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म
**बिरामी पुर्जा काट्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म

☞ Emergency काउन्टर २४ सै घण्टा
☞ फार्मेसी सेवा २४ सै घण्टा
☞ Online टिकट सेवा
☞ Emergency सेवा
☞ ओ.पि.डी खुल्ने समय
☞ बिहान १० बजे देखि ३ बजे सम्म
☞ शुक्रबार १० बजे देखि १ बजे सम्म
☞ खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म

**OT DAY (अप्रेसन हुने बार)**

☞ हाडजोर्नी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
☞ शल्यक्रिया - सोमबार र बिहिबार (OPD बन्द हुने छ ।)
☞ प्रसुति - मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
☞ नाक, कान, घाँटी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

**Administrative Department**

☞ खुल्ने समय आइतबार देखि बिहिबार बिहान १० बजे देखि ५ बजेसम्म
☞ शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म

फोन नं.: २००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : http//:www.hetaudahospital.gov.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना